# सियारी गाउँपालिकाको आ.व. २०७८/०७९ को बार्षिक बजेट तथा कार्यक्रम

**यस गरिमामय गाउँ सभाका सभाध्यक्ष महोदय,**

गाउँकार्यपालिका सदस्यज्यूहरू, गाउँ सभाका सदस्यज्यूहरू, राष्ट्रसेवक कर्मचारीहरू, पत्राकारज्यूहरू तथा उपिस्थत महानुभावहरू

सियारी गाउँपालिकाको उपाध्यक्ष एवं बजेट तथा कार्यक्रम तर्जुमा समितिको संयोजकको हैसियतले यस सम्मानित सभामा आगामी आ.व. २०७८/०७९ को बजेट तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा अत्यन्तै गौरवान्वित महशुस गर्दछु ।

यस अवसरमा राष्ट्रिय स्वतन्त्रता, स्वाधिनता, सामाजिक न्याय र संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनाका लागि आफ्नो प्राण उत्सर्ग गर्ने सम्पूर्ण ज्ञात अज्ञात शहिदहरू प्रति भावपूर्ण श्रद्धाञ्जलि अर्पण गर्दछु । जन आन्दोलनका घाइतेहरू, द्वन्द्व पिडितहरू तथा सम्पूर्ण नागरिकको योगदानलाई उच्च सम्मानका साथ स्मरण गर्न चाहन्छु ।

विश्वव्यापी महामारीको रुपमा फैलिएको कोभिड-१९ नियन्त्रण, रोकथाम तथा उपचारमा खटीने सम्पूर्ण स्वास्थ्य कर्मीहरु, अध्यक्ष लगायत अन्य जनप्रतिनिधिहरु, अग्र पंक्तिमा खटिने राष्ट्रसेवक कर्मचारीहरु, सुरक्षाकर्मी, सञ्चारकर्मी तथा सरोकारवाला सम्पूर्णमा उच्च सम्मानकासाथ धन्यावाद ज्ञापन गर्न चाहन्छु ।

सभाध्यक्ष महोदय,

अहिले हामी हाम्रो कार्यकालको पाँचौं तथा अन्तिम बजेट अधिवेशनमा छौं । बितेका ४ वर्षहरुमा बजेट तथा कार्यक्रम निमार्ण एवं कार्यान्वयनमा साथ, सहयोग, सल्लाह, सुझाव प्रदान गरी लक्षित उपलब्धि हाँसिल गर्न योगदान गर्नुभएकोमा सम्पूर्ण कार्यपालिका सदस्य ज्यूहरु, सभाका सदस्य ज्यूहरु तथा अनवरतरुपमा खटीने सम्पूर्ण राष्ट्रसेवक कर्मचारिहरुलाई विशेष धन्यावाद ज्ञापन गर्न चाहान्छु ।

वार्षिक बजेट गाउँपालिकाको नीति तथा कार्यक्रमलाई कार्यान्वयन गर्ने महत्वपूर्ण औजार हो । आगामी आ.व. को बजेट तथा कार्यक्रम तर्जुमा गर्दा मैले नेपालको संविधान, गाउँपालिकाको नीति तथा कार्यक्रम, संघीय तथा प्रदेश सरकारका नीति तथा कार्यक्रम, चालु आवधिक योजना, दिगो विकासका लक्ष्य, गाउँपालिकाद्वारा निर्माण गरिएका ऐन, कानून तथा कार्यविधिहरू, कोभिड–१९ ले पारेको र पार्न सक्ने प्रभाव, विभिन्न राजनीतिक दलहरूका स्थानीय नेतृत्वका सुझावहरू, विगतको अनुभव, नागरिक समाज, बुद्धिजीवि, नीजि क्षेत्र, सहकारी क्षेत्र, स्थानीय संघ संस्था, लगायतका क्षेत्रहरूबाट प्राप्त राय, परामर्श तथा रचनात्मक सुझावहरूलाई आत्मसाथ गरेको छु ।

सियारी गाउँपालिकाको आर्थिक तथा सामाजिक रूपान्तरणका लागि आर्थिक विकासका संवाहकहरूको प्रभावकारी उपयोग गर्दै आर्थिक विकास तथा सामाजिक रूपान्तरणलाई उच्च

प्राथमिकता दिई समृद्ध सियारी बनाउने लक्ष्य लिएको छु । साथै विश्व महामारीको रूपमा कोभिड–१९ को कारणबाट प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा सिर्जना हुने गरिबी तथा बेरोजगारीको समस्यालाई न्यूनिकरण गर्नका लागि बढि उत्पादनमूलक तथा रोजगारी सृजना गर्ने कार्यक्रमलाई महत्व दिई यस बजेट मार्फत कोभिड–१९ ले जन्माएको सामाजिक तथा मनोवैज्ञानिक असरलाई समग्र रूपमा सम्बोधन गर्ने प्रयास गरेको छु ।

सिमित श्रोत साधनबाट गाउँवासीहरूका असिमित आवश्यकता एकैपटक पुरा गर्न नसकिने हुँदा, यस बजेटमा छिटो सम्पन्न हुने, बढि प्रतिफल दिने, विभिन्न खालको रोजगारी सृजना हुने, बढि जनसहभागिता जुटाउन सकिने खालका योजनाहरूलाई बढि प्राथमिकता दिएको छु ।

**सभाध्यक्ष महोदय,**

अब म आगामी आ.व. २०७८/०७९ को बजेटको उद्देश्य तथा प्राथमिकता प्रस्तुत गर्ने अनुमति चाहन्छु । बजेटका उद्देश्यहरू निम्नानुसार प्रस्तुत गरेको छु ।

"स्वास्थ्य, शिक्षा, कृषि, पर्यटन र पूर्वाधार, समृद्ध सियारीको मूल आधार" भन्ने सोचलाई सार्थक पार्नु तथा बहुआयमिक गरिबी, बेरोजगारी र असमानताको अन्त्य गर्दै समृद्ध, समतामुलक तथा सामाजिक न्यायमा आधारित समाजको निर्माण गर्नु नै बजेटको मूल उद्देश्य हो ।

**बजेटका प्राथमिकता क्षेत्रहरू देहाय बमोजिम रहेका छन् ।**

- आ.व. २०७८/०७९ लाई मूल रूपमा कोभिड–१९ को प्रत्यक्ष प्रभावबाट सिर्जित बेरोजगारी तथा बढ्न सक्ने गरिबीको जोखिममबाट जनतालाई उन्मुक्ति दिलाई रोजगारीको अवसर सृजना गर्ने ।
- आधुनिक कृषि प्रणाली, सिँचाई तथा पशुपालनको विकासद्वारा आत्मनिर्भर गाउँपालिका निर्माण गर्ने ।
- नैतिक तथा व्यवसायिक शिक्षा, स्वास्थ्य लगायतका सामाजिक विकास मार्फत समाजको रूपान्तरण गर्ने ।
- आत्म निर्भरता तथा आर्थिक समृद्धिका लागि सीप विकास, लघु उद्योग आदिको विकास मार्फत महिला, आपाङ्गता भएको व्यक्ति, युवा तथा लक्षित वर्गमा स्वरोजगार प्रवर्द्धन गर्ने ।
- गाउँपालिकाबाट प्रदान गरिने सेवा प्रवाहको गुणस्तर बढाई गाउँ सरकारको अनुभुति सहित सुशासनको प्रत्याभुति दिने तर्फ बजेट केन्द्रित रहने छ ।

बजेटका उद्देश्यहरू हासिल गर्न तथा प्राथमिकता कार्यान्वयन गर्न प्रदेश तथा संघीय सरकारसँग एकता, समन्वय र साझेदारी गरिने छ भने नीजि क्षेत्र, सहकारी, नागरिक समाज, राजनैतिक दलहरू तथा संघ संस्थाहरूसँग सहकार्य गरी प्रभावकारी कार्यान्वयनमा जोड दिइने छ ।

**वडास्तरमा जनताको विकासको मागलाई मध्यनजर गरी वडागत सिलिङ्ग वितरण गरी वस्तीस्तरबाट योजना तर्जुमा गरिएको छ । पालिका स्तरिय योजना बाहेक प्रति वडा १ करोड बराबरका योजनाहरूमा बजेट विनियोजन गरेको छु ।**

**सभाध्यक्ष महोदय,**

अब म सियारी गाउँपालिकाको आम्दानीका श्रोतहरूको संक्षिप्त विवरण राख्न चाहन्छु ।

- आन्तरिक राजश्व : रू.८ करोड
- संघीय सरकार वित्तिय समानिकरण अनुदान : रू.१३ करोड ५७ लाख
- संघीय सरकार शशर्त अनुदान : रू. २० करोड ६१ लाख
- संघीय सरकार समपुक अनुदान : ३ करोड ७ लाख
- संघीय सरकार विषेश अनुदान : रू. १ करोड २५ लाख
- प्रदेश सरकार वित्तिय समानिकरण अनुदान : रू. ६४ लाख २२ हजार
- संघीय सरकार राजश्व बाँडफाँडः ७ करोड ९८ लाख ५२ हजार
- प्रदेश सरकार सशर्त अनुदान : ८५ लाख ४४ हजार
- प्रदेश सरकार राजश्व बाँडफाँड : रू. ५९ लाख ९० हजार चार सय एक्काइस
- प्रदेश सरकार विषेश अनुदान : रू. ६० लाख
- प्रदेश सरकार समपुरक अनुदान : १ करोड ५० लाख
- चालु आ.व.को मौज्दात : रू ८० लाख

**जम्मा : रू. ५९ करोड ४८ लाख ०८** हजार चार सय एक्काइस मात्र ।

माथि उल्लेखित आय विवरणमा संघीय अख्तियारी अन्तर्गतको सामाजिक सुरक्षा कार्यक्रमको रकम समावेश गरिएको छैन ।

**सभाध्यक्ष महोदय,**

- कोभिड–१९ को कारणबाट आर्थिक गतिविधिमा नकारात्मक प्रभाव पर्न गई व्यापार व्यवसायमा सुस्तता आएको साथै कैयौ नागरिकको आम्दानीमा प्रत्यक्ष असर परेको अवस्थालाई मध्यनजर गर्दै आ.व. २०७८/०७९ मा करका दरहरूलाई प्रायशः यथावत राखेको छु, साथै आ.व. २०७८/०७९ मा असोज मसान्तसम्म व्यावसाय दर्ता शुल्कमा शत प्रतिशत छुट तथा नविकरणमा २५ प्रतिशत छुटको व्यवस्था गरेको छु ।

- गाउँपालिकाको आन्तरिक आय स्रोत वृद्धिका लागि फराकिलो कराधार निर्माण गर्नका लागि करको दायरामा आउन बाँकी क्षेत्रहरुलाई समेट्ने नीति अवलम्वन गरेको छु, साथै आगामी आ.व. देखि विज्ञापन कर समेत उठाउने व्यवस्था गरेको छु ।
- कोभिड–१९ का कारणबाट आएको आर्थिक सुस्तताले गर्दा केन्द्र तथा प्रदेश सरकाबाट प्राप्त हुने अनुदान तथा राजश्वमा कमि आएकाले प्रशासनिक खर्च तथा अनुत्पादक कार्यक्रमहरूमा बजेट कटौती गरेको छु ।

**सभाध्यक्ष महोदय,**

अब म क्षेत्रगत कार्यक्रम तथा विनियोजन प्रस्तुत गर्न चाहन्छु ।

## कृषि तथा पशु सेवा तर्फका कार्यक्रम

- **यस आ.व.मा कृषि तथा पशु सेवा तर्फका कार्यक्रममा गा.पा. बाट जम्मा रु.२ करोड विनियोजन गरेको छु भने संघीय शशर्त तर्फ रु. १ करोड २१ लाख गरी कूल जम्मा रु.३ करोड २१ लाख विनियोजन गरेको छु** आ.व. २०७८/०७९ मा प्रधानमन्त्री कृषी आधुनिकिकरण परियोजना अन्तरगत आ.व. २०७७/०७८ मा स्थापना भएका कृषि तर्फका साना व्यावसायी कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम, वाख्राको साना व्यावसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम तथा धानवालीको पकेट विकास कार्यक्रमलाई निरन्तरता दिएको छु । यस कार्यका लागि रु. ४६ लाख बजेट विनियोजन गरेको छु ।
- धान उत्पादन प्रवर्द्धन गर्ने वाली विकास कार्यक्रम अन्तर्गत रु. ३० लाख ५० हजार बजेट विनियोजन गरेको छु । खाद्यान्न वालीको उन्नत बीउ उपयोगमा मूल्य अनुदानका लागि रु.१८ लाख बजेट विनियोजन गरेको छु । आ.व. २०७८/०७९ मा उन्नत बीउ बितरकलाई प्रोत्साहन अनुदान प्रदान गरिनेछ भने कृषि मेसिनरी मर्मत केन्द्रको स्थापना गरिनेछ ।
- पशुसेवा तर्फ कृत्रिम गर्भाधान मिसन कार्यक्रम तथा पशु आहारा मिसन कार्यक्रम सञ्चालन गरिनेछ भने बाच्छी हुर्काउने कार्यक्रम लाई निरन्तरता दिइनेछ ।
- कृषी तथा पशुसेवा तर्फ यान्त्रीकरण कार्यक्रमलाई प्रभावकारी ढंगले सञ्चालन गरिनेछ ।
- आ.व. २०७७/०७८ मा सुरु भएको कृषक गणना तथा परिचयपत्र वितरण कार्यक्रमलाई आ.व. २०७८/०७९ मा सम्पन्न गरी सम्पूर्ण किसानहरुलाई परिचयपत्र वितरण गरिनेछ ।
- कृषि पशुपन्छी तथा मत्स्य तथ्यांक अद्यावधिक कार्यक्रम सञ्चालन गरिनेछ ।

## महिला, बालबालिका तथा अन्य लक्षित कार्यक्रम

- महिला, बालबालिका तथा लक्षित वर्ग अन्तर्गत जम्मा रु.१ करोड विनियोजन गरेको छु । यस अन्तर्गत महिला, विपन्न नागरिक, सिमान्तकृत समूदाय, दलित, जनजाति आदी क्षेत्रका लागि विभिन्न आयमूलक तालिम तथा स्वरोजगार उन्मुख कार्यक्रमहरु सञ्चालन गरिनेछ।

**सभाध्यक्ष महोदय,**

## स्वास्थ्य तर्फ

- यस आ.व. मा स्वास्थ्य तर्फ गा.पा. बाट रु. १ करोड २५ लाख र संघिय सरकारबाट रु. २ करोड ४१ लाख गरी जम्मा रु. ३ करोड ६६ लाख विनियोजन गरेको छु । यस आ.व. मा पनि अति विपन्न तथा ज्येष्ठ नागरिकका लागि मोतियाबिन्दुको निशुल्क अप्रेशनका लागि बजेट विनियोजन गरेको छु । चालु आ.व. देखि सुरु गरेको ज्येष्ठ नागरिक, गर्भवती महिला, अपांग तथा अति विपन्नलाई निशुल्क ल्याव सेवा तथा एम्बुलेन्स सेवालाई आगामी आ.व.मा पनि निरन्तरता दिनका लागि बजेट विनियोजन गरेको गरेको छु भने चालु आ.व मा सुरु भएको जगत् जननी योजनालाई निरन्तरता दिएको छु।
- कुपोषित बालबालिकाहरुलाई निशुल्क पोषणयुक्त खानाको व्यवस्था तथा गर्भवती महिलालाई निशुल्क क्याल्सियम चक्की तथा औषधी वितरणका लागि आवश्यक बजेट व्यवस्थापन गरेको छु । कोभिड-१९ लगायतका सरुवा रोग नियन्त्रण तथा विपद् व्यवस्थापनका लागि आवश्यक बजेट व्यवस्थापन गरेको छु । यस आ.व.मा गा.पा. प्रमूख सहित घरदैलो ज्येष्ठ नागरिक उपचार कार्यक्रम र गा.पा. उप-प्रमूख सहित सुत्केरी महिला घरभेट कार्यक्रमलाई निरन्तरता दिएको छु । आ.व.२०७७/०७८ मा अमुवा स्वास्थ्य चौकीलाई स्तरउन्नति गरी कोभिड-१९ अस्थायी अस्पताल बनाइएकोमा यसलाई निरन्तरता दिइनेछ साथै छपीया स्वास्थ्य चौकीलाई १५ शैयाको अस्पतालमा स्तरउन्नति गर्नका लागि भवन निर्माण सुरु गरिनेछ।

## शिक्षा, युवा तथा खेलकुद

- आ.व. २०७८/०७९ का लागि शिक्षा तर्फ सघिंय सरकारबाट शशर्त तर्फ रु. १३ करोड ९९ लाख, र गाउँपालिकाबाट रु. २ करोड गरी जम्मा रु. १५ करोड ९९ सय लाख विनियोजन गरेको छु ।

- सियारी गाउँपालिकाबाट **दश वर्षे शैक्षिक योजना ( २०७७/०७८-२०८७/०८८)** तयार भइ स्वीकृत भइसकेकोले उक्त योजनामा समावेश भएका कार्यक्रमहरुलाई क्रमशः कार्यान्वयन गर्दै जानका लागि बजेट विनियोजन गरेको छु।
- **आगामी आ.व. मा विद्यार्थीका लागि दिवा खाजा कार्यक्रम अर्न्तगत कक्षा ५ सम्मका सम्पूर्ण विद्यार्थीका लागि दिवा खाजा व्यवस्थापनका लागि संघीय शशर्त अर्न्तगत रु. १ करोड ४९ लाख २० हजार विनियोजन भएको छ । त्यस्तै सामुदायिक विद्यालयका छात्राहरुलाई निशुल्क स्यानेटरी प्याड व्यवस्थापनका लागि रु. २२ लाख ४ हजार विनियोजन भएको छ । कोभिड-१९ को मनोवैज्ञानिक असरलाई न्युनिकरण गर्दै सुरक्षा उपाय सहित विद्यालय सञ्चालनका लागि बजेट विनियोजन गरेको छु । विद्यालयको भौतिक पूर्वाधार सुधार तथा निमार्णका लागि बजेट व्यवस्था गरेको छु ।यूवा खेलकुद कार्यक्रम अर्न्तगत रु.४५ लाख विनियोजन गरेको छु** ।यस आ.व मा सियारी गा.पा. भित्र राष्ट्रिय स्तरको रंगशाला निर्माण गर्न सम्भाव्यता अध्ययन तथा डी.पी.आर.गर्नका लागि बजेट विनियोजन गरेको छु।
- आ.व. २०७७/०७८ मा दरबन्दी कम भएका तथा विद्यार्थी संख्या बढि भएका विद्यालयहरूमा शिक्षक विद्यार्थी अनुपातको आधारमा अस्थायी दरबन्दी कायम गरी व्यवस्थापन गरिएकोमा यस आ.व.मा उक्त कार्यका लागि बजेट व्यवस्थापन गरेको छु।
- नैतिकता, संस्कार तथा सस्कृति सम्बर्द्धनका लागि र व्याक्तिको व्यवहार परिवर्तनका लागि नैतिक शिक्षाको आवश्यकता महशुस गरी यस आ.व.मा नैतिक शिक्षा सञ्चालन कार्यविधि तयार गरी कार्यान्वयन गरिनेछ।
- प्रारम्भिक बालविकास सहजकर्ता तथा विद्यालय कर्मचारीको पारिश्रमिक रु. १५ हजार पुर्याउनका लागि गा.पा.बाट थप गर्नुपर्ने प्रति कर्मचारी रु.७ हजारका लागि बजेट विनियोजन गरेको छु। कोभिड-१९ कारण उत्पन्न परिस्थितिमा सिकाई सहजीकरणका लागि शैक्षिक कार्यक्रम सञ्चालन गर्न आवश्यक बजेट विनियोजन गरेको छु।

**सभाध्यक्ष महोदय,**

- आ.व. **२०७८/०७९** मा यूवा रोजगारीका लागि रुपान्तरण परियोजना कार्यकम सञ्चालनका लागि रु. ४८ लाख बजेट विनियोजन गरेको छु।
- सम्भाव्य उत्पादनको उत्पादकत्व बढाउन, बजार प्रतिस्पर्धा वृद्धि गर्न तथा नयाँ लघुउद्यमीहरू सृजना गरी उद्यम विकासमा प्रोत्साहन गर्न संघीय शशर्त तर्फ रू. २७ लाख विनियोजन भएको छ।

- सियारी जनता आवास कार्यक्रम अन्तर्गत विपन्न नागरिकहरुलाई आवास सुविधा उपलब्ध गराउन आ.व. २०७८/०७९ मा २१ वटा घर निर्माण गरी हस्तान्तरण गरिनेछ । यस कायर्क्रमका लागि रु. १ करोड ५ लाख विनियोजन गरेको छु ।
- सुरक्षित नागरिक आवास कार्यक्रम अन्तर्गत फुसको छाना बिस्थापन कार्यक्रम अन्तर्गत २४२ घरधुरीलाई सेवा प्रदान गरिनेछ ।
- विपन्न परिवारहरुलाई घरनिर्माणमा सहयोग गर्ने नीति अनुरुप कार्यक्रम सञ्चालन गर्न आवश्यक बजेट विनियोजन गरेको छु ।
- आ.व. २०७८/०७९ मा प्रदेश सरकार तथा संघीय सरकारसँग साझेदारीमा योजना सञ्चालन गर्न एकमुष्ठ रुपमा समपुरक कोषमा रू.५ करोड विनियोजन गरेको छु ।
- न्यायिक समितिको क्षमता अभिवृद्धि गरी पालिका तथा वडास्तरमा हुने न्याय सम्पादनलाई सरल र सहज बनाउनका लागि लागि आवश्यक बजेट विनियोजन गरेको छु ।
- गाउँपालिकाका टोलहरूमा सरसफाई तथा "एक घर एक धारा" कार्यक्रमका लागि विनियोजन गरेको छु ।
- साना सिँचाई कार्यक्रम सञ्चालनका लागि सिँचाई तर्फ आवश्यक बजेट विनियोजन गरेको छु ।
- विभिन्न योजनाहरूको DPR तथा नदीनाकाहरूको IEE गर्नका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।
- गाउँपालिकाको पहिचान झल्काउने गरी विभिन्न सडक चौराहाहरुमा माछा,केरा तथा गाईको प्रतिमा निर्माणका लागि रु. १५ लाख विनियोजन गरेको छु ।
- सडक पूर्वाधार तर्फ यस आ.व.मा विशेष आयोजनाको रुपमा अमुवा मिलनचोक छपिया सडक निर्माण कार्य सुरु गरिनेछ । बहुवर्षिय योजना अन्तरगत तीन वर्षमा सम्पन्न गर्ने लक्ष्यका साथ सुरु गरिने यस आयोजनामा यस आ.व.मा संघीय समपुरक अनुदानबाट रु. ३ करोड ७ लाख र आन्तरिक स्रोतबाट रु. ३ करोड ७ लाख गरी जम्मा रु. ६ करोड १४ लाख विनियोजन गरेको छु ।
- वडास्तरीय योजनाहरूमा साना तथा मझौला सडक स्तरउन्नती, कालोपत्रे तथा पि.सि.सि.का योजनाहरू प्राथमिकतामा परेका छन् । सडक कालोपत्रेका लागि साझेदारी कार्यक्रमलाई प्रथामिकतामा राखिएको छ ।
- विभिन्न वडाहरुमा सडक कालोपत्रेका लागि प्रदेश समपुरक र गा.पा.बाट गरी जम्मा रु. ३ करोड विनियोजन गरेको छु ।
- राष्ट्रसेवक कर्मचारीहरुका लागि एकमुष्ठ मासिक रु. २ हजार तलव वृद्धि र १० दिनको तलव सहित पर्यटन काजको व्यवस्था गरेको छु ।
- करारसेवा तर्फका थप कर्मचारिहरुलाई सामाजिक सुरक्षा कोषमा आवद्ध गरिनेछ ।

- आ.व. २०७८/०७९ मा भूमिहिन सुकुम्वासी तथा अव्यवस्थित बसोबासीहरुलाई जग्गा धनी पूर्जा वितरण गरिनेछ । यसका लागि कर्मचारी व्यवस्थापन  भइ कार्य सुरु भइसकेको छ । यस कार्यका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।
- जग्गा धनी पूर्जा प्राप्त गर्न बाँकी गाउँ ब्लकका जग्गाहरुको जग्गा धनी प्रमाण पुर्जा वितरण गरिनेछ ।
- सूचना प्रविधिको प्रयोग गरी गाउँपालिका तथा अन्तर्गतका निकायहरुबाट प्रदान गरीने सेवासुविधाहरुलाई छिटो, पारदर्शि तथा मितव्ययी बनाउनका लागि  अनलाइन प्रणाली विस्तार गर्न रु. २० लाख विनियोजन गरेको छु ।
- कोभिड-१९ लगायत अन्य विपद् तथा महामारीबाट जुद्धनका लागि विपद् व्यवस्थापन कोषमा रु. ५० लाख विनियोजन गरेको छु ।

**सभाध्यक्ष महोदय,**

- यसरी समग्रमा आ.व.२०७८/०७९ को कुल बजेटको आकार रू.जम्मा रू.५९ करोड ४८ लाख ०८ हजार ४२१ मात्र जम्मा रहने गरी सन्तुलित बजेटको प्रस्ताव गरेको छु । जसमध्ये चालु तर्फ रू. **३३** करोड **४७** लाख **५८** हजार **१८९** (५६.२८%) र पूँजिगत तर्फ रू. **२६** करोड **५** हजार २५ (४३.७२%) प्रस्ताव गरिएको व्यहोरा सम्मानित सभासमक्ष जानकारी गराउन चाहन्छु ।
- हामी अहिले कोभिड–१९ को महामारीसँग जुधिरहेका छौं ।  कोभिड-१९ को दोस्रोलहर हाम्रा लागि पहिलो लहर भन्दा बढी प्रत्युत्पादक रह्यो यस अवधीमा कोभिड संक्रमण भई ज्यान गुमाउने हाम्रा नागरिकहरु प्रति भावपूर्ण श्रदाञ्जली अर्पण गर्न चाहन्छु र उक्त परिवारहरुलाई गाउँ सरकारबाट सम्भव हुने सहयोग प्रदान गर्न गाउँपालिका सदैव तत्पर रहेको पनि जानकारी गराउन चाहन्छु । कोभिडको तेस्रो लहर आउने चर्चा चलिरहेको अवस्थामा उक्त महामारीबाट जोगिन आवश्यक सबै उपायहरु अवलम्वन गरिने कुरामा सबैलाई विश्वस्त पार्न चाहन्छु ।
- भारत तथा तेस्रो मुलुकबाट कैयौं युवाहरू रोजगारी गुमाई फर्कने क्रम जारी छ । देशभित्रै पनि कैयौं रोजगारी गुमेका छन्, व्यापार व्यवसाय सुस्ताएका छन् । यसबाट भोलिका दिनमा पर्ने सामाजिक तथा मनोवैज्ञानिक असर त छदैछ तर त्यो भन्दा पहिला थप कति मानिस गरिबीको रेखामुनि पर्ने छन्, त्यता तर्फ सोच्नु पर्ने बेला आएको छ।
- मैले प्रस्तुत गरेको बजेटको कार्यान्वयनबाट उल्लेखित समस्याहरूको सम्बोधन हुने, गाउँ वासीको जिवनस्तरमा गुणात्मक पविर्तन आउने, गाउँ सरकारको प्रभावकारिताको अभिवृद्धि भई नागरिकहरूले स्थानीय सरकारको सवल र प्रभावकारी उपस्थिती रहेको महसुस गर्ने छन् भन्ने विश्वास लिएको छु । प्रस्तुत बजेट तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयनमा आम स्थानीयवासी तथा सरोकारवाला सम्पूर्णबाट रचनात्मक सुझावको अपेक्षा गर्दछु ।

- यो बजेट तर्जुमा गर्दा मार्गनिर्देशन गर्नुहुने अध्यक्षज्यू, कार्यपालिका सदस्यज्यूहरू, प्रमुख प्रशासकीय अधिकृत, गाउँसभा सदस्यज्यूहरू, आर्थिक प्रशासन प्रमुख लगायतका सम्पूर्ण कर्मचारीहरू, राजनीतिक दलका प्रतिनिधि ज्यूहरू, टोल विकास संस्था, स्थानीय वुद्धिजिवी, नागरिक समाज अगुवा, संघ संस्था, सहकारी, नीजि क्षेत्र, सञ्चारकर्मी तथा सम्पूर्ण सियारीवासीमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

***धन्यवाद !***

**अमृता गुरूङ्ग**
**गाउँपालिका उपाध्यक्ष**